# बडीकेदार गाँउपालिकाको आर्थिक ऐन, २०८१

गाउँसभाबाट स्वीकृत मितिः २०८१/ ३ / १०

बडीकेदार गाउँपालिका
खड्चौली, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

# बडीकेदार गाँउपालिकाको आर्थिक ऐन, २०८१

**गाउँसभा बाट स्विकृत मितिः- २०८१/०३/१०**

**प्रस्तावनाः** बडीकेदार गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम बडीकेदार गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन २०८१ साल श्रावण १ गतेदेखि बडीकेदार गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः (११३१३)** कुनै व्यक्ति वा संस्थाको एकिकृत रुपमा मूल्याङ्कन गरिएका सम्पति (जग्गा, घर तथा अन्य) मा गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) (ख) बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)**: (११३१४) गाउँपालिका क्षेत्रभित्रको जग्गामा उपयोगको आधारमा अनुसूचि (१) (क) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर जग्गा वहाल करः (११३२१)** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै /आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल उपर गरिनेछ ।

५. **व्यवसाय करः** (१४२५३) गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **विज्ञापन करः** (३३३४३) गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (४) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **मनोरञ्जन करः (३३३४२)** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (५) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

८. **बहाल बिटौरी शुल्कः (११३२२)** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (६) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

९. **पार्किङ शुल्कः** (१४२४१) गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (७) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१०. **सेवा शुल्क, दस्तुरः (१४२४३)** गाउँपालिकामा निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (८) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **सवारी साधन करः (११४५१)** यस गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने टाँगा, रिक्सा, अटो रिक्सा जस्ता सवारी साधनमा अनुसूचि ६ बमोजिम कर लगाईने र असुल उपर गरिने छ ।

१२. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१३. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँ कार्यपालिकाले तोके अनुसार हुनेछ ।

बडीकेदार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खड्डीबाँझ, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

## अनुसूची-१

**क) मालपोत (भूमीकर)**

न्युनतम देखि १० रोपनी सम्म प्रति रोपनी रु १५

१० देखि ३० रोपनी सम्म प्रति रोपनी रु २०

३० रोपनि भन्दा माथी प्रति रोपनी रु २५

बिलम्ब दस्तुर प्रति वर्ष १० प्रतिशत थप चालु आ. व. को आर्थिक ऐनलाई आधार मानेर लिईने (कुल विलम्ब रकमको)

कार्तिक मसान्त सम्म बुझायमा १०% छुट

चैत्र मसान्त सम्म बुझाएमा ५% छुट

चैत्र देखि अषाढ मसान्त सम्म बुझाएमा पुरै तिर्नुपर्नेछ ।

**नोटः भूमि तथा मालपोत कर असुलि गर्दा जग्गाधनि प्रमाण पुर्जाको आली काल्ला सहितको क्षेत्रफलको कर लगाईने र विगत स्थानीय सरकारको संरचना हुनु भन्दा पहिला देखी नै मालपोत कर नतिरेका जग्गाधनीहरुबाट आ व २०७४/०७५ बाट मालपोत संकलन गरिनेछ ।**

**ख) सम्पति करः**

१. कच्चि घर

अ) १ तले घर रु ३०

आ) २ तले घर रु ५०

इ) ३ वा सो भन्दा माथी प्रति तला रु ७५ का दरले थपिदै जानेछ ।

२. पक्कि घरः(टिनको छाना वा सिलेटको छाना जडीत)

अ) १ तले घर रु ५०

आ) २ तले घर रु १००

इ) ३ वा सो भन्दा माथी प्रति तला १५० का दरले थपिदै जानेछ ।

ई) लेण्टर सहितको घर भुई तले रु २०० र सो भन्दा माथि प्रति तला रु १५० का दरले थपिदै जानेछ ।

## अनुसूची-२

**१. घर, जग्गा वहाल कर**: क) आफनो क्षेत्र भित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, कारखाना जग्गा वा पोखरी पूरै वा आंशिक रूपमा वहालमा दिएमा सम्वन्धित धनीवाट वहाल रकमको १० प्रतिशत घर वा जग्गा वहालकर लिने ।

ख) उपभोक्ता समितिले इक्जाभेटर, जीप, टेक्टर, जे सी वी प्रयोग गरेवाफत कुल रकमको १० प्रतिशत बहाल कर लिईने छ ।

## अनुसूची-३

**व्यवसाय कर** : व्यवसाय दर्ता कर निम्न अनुसार लिईनेछ ।

| सि.नं | विवरण | श्रेणी वर्गिकरण पुजिं लगानिको आधारमा | | |
|---|---|---|---|---|
| | | क(रू १५,००,००० भन्दा माथि) | ख(रू ५,००,००१ देखि १५,००,००० सम्म) | ग(रू १ देखि ५,००,००० सम्म) |
| १ | होटेल/लज/रेष्टुरेन्ट<br>५ कोठा भन्दा बढी कोठा भएको लज तथा खाना भएको होटेललाई (क)<br>• लज मात्र भएको लजलाई (ख)<br>• साधारण खाना,नास्ता,लज भएकोलाई (ख)<br>• रेष्टूरेन्ट मात्र भएकोलाई (ग)<br>• १० कोठा भन्दा माथि ए.सी. भएको होटेल, | ३०००।०० | २०००।०० | १०००।०० |

बडीकेदार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खड्यौली डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | रेष्टुरेन्टको रू. ७०००।०० | | | |
| २ | मासू पसल<br>• रांगाको समेत सवै प्रकारका मासू मात्र बेच्नेलाई (क)<br>• खसी र कूखूरा बेच्नेलाई (ख)<br>• कुखुरा/ माछा बेच्नेलाइ (ख) | १०००।०० | ८००।०० | ५००।०० |
| ३. | मदिरा पसल वार्षिक व्यवसायिककर<br>• ईज़ाजत प्राप्त थोक मदिरा पसललाई (क)<br>• ईजाजत प्राप्त खुद्रा मदिरा पसललाई (ख)<br>• इजाजन प्राप्त बिर्को खोली बेच्ने मदिरा पसललाइ (ग) | २००००।०० | १००००।०० | ३०००।०० |
| ४ | कोल्ड डिलक्स पसल | ५००।०० | | |
| ५ | सून चांदी गहना पसल | २०००।०० | | |
| ६ | रेडियो/मोवाईल विक्री तथा मर्मत | १०००।०० | | |
| ७ | संचार सेवा | ५००।०० | | |
| ८ | घडि विक्री तथा मर्मत | ५००।०० | | |
| ९ | १०० मेगावाट सम्मको एफ. एम. सञ्चालन | २५००। | | |
| १० | फोटो स्टूडियो<br>• कलर ल्यावलाई (क)<br>• फोटो स्टूडियोलाई (ख) | १०००।०० | ५००।०० | |
| ११ | ह्जाम | ५००।०० | | |
| १२ | टेलरिंग,<br>४ मेसिन भन्दा माथीराखेर सिलाइ कटाइ गर्ने टेलरिङ लाई रू १०००। | ५००।०० | | |
| १३ | जूत्ता पसल<br>• जूत्ता सिलाई र बेच्नेलाई ( | १०००।०० | २५०।०० | |

| | | | | |
|---|---|---|---|---|
| | क)<br>• जूत्ता मर्मत मात्र गर्नेलाई (ख) | | | |
| १४ | मोटर वर्कशप<br>• गाडीको वडी वनाउने तथा मर्मत गर्ने (क)<br>• मोटरसाईकल सहित विभिन्न सवारी साधन मर्मत गर्ने (क)<br>• मोटरसाईकल मात्र मर्मत गर्नेलाई (ख)<br>• सम्पुर्ण सवारी साधन मर्मत र पार्टस बेच्नेलाई (क)<br>• सम्पुर्ण सवारी साधन मर्मत गर्नेलाई (ख)<br>• गाडीहरू मर्मत र पार्टस बेच्नेलाई (ख)<br>• गाडी मर्मत मात्र गर्नेलाई (ग)<br>• मोटरसाईकल मर्मत र पार्टस बेच्नेलाई (ख)<br>• मोटरसाईकल मर्मत मात्र गर्नेलाई (ग) | २०००।०० | १५००।०० | १०००।०० |
| १५ | स्वास्थ्य सेवा<br>• अस्पतालाई (क)<br>• पोली क्लिनीकलाई (ख)<br>• थोक मेडिकललाई (ख)<br>• मेडिकललाई (ग) | ५०००।०० | ४०००।०० | २०००।०० |
| १६ | मेटल वर्कशप | १५००।०० | | |
| १७ | काष्ठ उद्योग<br>• काठ चिरानी मेशिन सहित काठहरूको विभिन्न फर्निचर र अरू काठहरूको झयालढोका आदी वनाउनेलाई (क)<br>• कूनै एक मात्र वनाउनेलाई (ख) | २५००।०० | १५००।०० | |

| | | | | |
|---|---|---|---|---|
| १८ | ईटा भट्टा र ईटा डिपो<br>• ईटा भट्टालाई (क)<br>• ईटा डिपोलाई (ख) | २५००।०० | १५००।०० | |
| १९ | कम्प्युटर ईन्स्टिच्युट | १०००।०० | | |
| २० | दाउरा डिपो | १०००।०० | | |
| २१ | पान पसल | २५०।०० | | |
| २२ | बेकरी उद्योग र बेकरी पसल<br>• उद्योगलाई (क)<br>• पसललाई (ख) | १५००।०० | १०००।०० | |
| २३ | तरकारी र फलफूल पसल | १०००।०० | | |
| २४ | चिया पसल | ५००।०० | | |
| २५ | मिलहरू<br>• १० हर्ज पावर भन्दा माथिको क्षमताको मिललाई (क)<br>• सो भन्दा कम हर्ज पावर क्षमताको मिललाई (ख) | २५००।०० | १५००।०० | |
| २६ | डिलर,एजेन्सी, अधिकृत विक्रेता | ५०००।०० | | |
| २७ | साईकल भाडा तथा मर्मत | ५००।०० | | |
| २८ | ठेकेदार<br>• नेपाल सरकारको ईजाजत प्राप्त क वर्गको ठेकेदारलाई (क)<br>• नेपाल सरकारको ईजाजत प्राप्त ख वर्गको ठेकेदारलाई (ख)<br>• नेपाल सरकारको ईजाजत प्राप्त ग वर्गको ठेकेदारलाई दर्ता र नबकिरण बापत (ग)<br>• नेपाल सरकारको ईजाजत प्राप्त घ वर्गको ठेकेदारलाई रू.१००००।०० | ३००००।०० | २००००।०० | १८०००।०० |
| २९ | थान कपडा पसल | २०००।०० | | |
| ३० | किराना पसल<br>• थोक सहितको किराना | २५००।०० | १०००।०० | ५००।०० |

| | | | | |
|---|---|---|---|---|
| | पसललाई (क)<br>• पचासहजार भन्दा बढी लगानी भएको किराना पसललाई (ख)<br>• सो भन्दा कम लगानी भएको किराना पसललाई (ग) | | | |
| ३१ | खाद्य पसल<br>• थोक सहितको खाद्य पसललाई (क)<br>• खूद्रा मात्रको खाद्य पसललाई (ख) | १५००।०० | १०००।०० | १००० |
| ३२ | भांडा पसल<br>• थोक विक्रेता (क)<br>• खुद्रा (ख) | १५००।०० | १०००।०० | १००० |
| ३३ | चूरा धागो तथा श्रृङ्गारका सामान पसल<br>• थोक सहितको पसललाई (क)<br>• पचासहजार भन्दा वढी लगानी भएको पसललाई (ख)<br>• सो भन्दा कम लगानी गर्ने पसललाई (ग) | १५००।०० | १०००।०० | ५००।०० |
| ३४ | कूखुरा पालन<br>• पाँचसय भन्दा वढी कूखुरा पाल्नेलाई (क)<br>• पाँचसय भन्दा कम कूखुरा पाल्नेलाई (ख) | १५००।०० | १०००।०० | |
| ३५ | तैयारी पोशाक पसल(फेन्सी पसल) | १०००।०० | | |
| ३६ | तैयारी जूत्ता पसल | १०००।०० | | |
| ३७ | हार्डवेयर पसल | २०००।०० | | |
| ३८ | ईलेक्टिक पसल | १०००।०० | | |
| ३९ | साईन वोर्ड पेन्टीङ्ग | ५००।०० | | |
| ४० | फर्निचर एण्ड फर्निसिंग पसल | २०००।०० | | |

| | | | | |
|---|---|---|---|---|
| ४१ | स्टेशनरी पसल | १०००।०० | | |
| ४२ | जडीवूटी खरिद विक्री पसल | २०००।०० | | |
| ४३ | लेखापरीक्षक सूचिकरण | १०००।०० | | |
| ४४ | अन्य उद्योग<br>• २० लाख भन्दा बढी लगानी भएकोलाई (क)<br>• एकलाख पचास हजार देखि २० लाख सम्म लगानी भएकोलाई (ख)<br>• एकलाख पचास हजार भन्दा कम लगानी भएकोलाई (ग) | १००००।०० | ५०००।०० | ३०००।०० |
| ४५ | पशू वधूशाला | १५००।०० | | |
| ४६ | अन्तराष्ट्रिय गैरसरकारी संस्था ( शाखा कार्यालय समेत) | १००००।०० | | |
| ४७ | वित्तिय सेवा<br>• नेपाल सरकारको पुर्ण स्वामित्व रहेको वाहेक आर्थिक कारोवार गर्ने क वर्गको वैंकहरू (क)<br>• नेपाल सरकारको पुर्ण स्वामित्व रहेको वाहेक आर्थिक कारोवार गर्ने ख वर्गको वैंकहरू (ख)<br>• ऋण तथा बचत सहकारी संस्था (ग)<br>• बीत्तीय कारोबार गर्ने सहकारी रु २५००<br>• बितिय कारोबार गर्ने लघुवितहरु रु २५०० | १५०००।०० | १००००।०० | ५०००।०० |
| ४८ | नीजि स्कुल<br>• १ देखि १० सम्मको (क)<br>• १ देखि ८ सम्मको (ख)<br>• १ देखि ५ सम्मको (ग) | १००००।०० | ७०००।०० | ५०००।०० |
| ४९ | चस्मा पसल | १०००।०० | | |
| ५० | शिलाई मेशिन विक्री तथा | १०००।०० | | |

| | | | | |
|---|---|---|---|---|
| | मर्मत गर्ने पसल | | | |
| ५१ | रेफ्रिजेरेटर मर्मत | १०००।०० | | |
| ५२ | दूग्घ डिपो/पसल | १०००।०० | | |
| ५३ | व्यूटि पार्लर | ५००।०० | | |
| ५४ | सप्लायर्स | १५००।०० | | |
| ५५ | टेलिफोन वा इन्टरनेट टावर राखि संचार सेवा उपलब्ध गराउने संस्थालाई | ३००००।०० | | |
| ५६ | वित्तिय कारोवार वाहेक अन्य कारोवार गर्ने सहकारी संस्था | १५००।०० | | |
| ५७ | कृषि सामग्रीको पसल / भेटेनरी सम्बन्धी पसल | १०००।०० | | |
| ५८ | दाना उद्योग | १५००।०० | | |
| ५९ | तारजाली वनाउने उद्योग | १५००।०० | | |
| ६० | कृषि व्यवशाय (वंगूर, माछा, गाई पालन) | ५००।०० | | |
| ६१ | नीजि कलेज | १००००।०० | | |
| ६२ | ब्लक उद्योग | २५००।०० | | |
| ६३ | ग्यास डिपो | १०००।०० | | |
| ६४ | कोल्डस्टोर (शितभण्डार) | २५००।०० | | |
| ६५ | सल्लाको खोटो संकलन (प्रति के.जी.) | ५।०० | | |
| ६६ | भैसी निकासी कर(प्रति भैसि) | रू २५० | | |
| ६७ | बाखा/खसि/बोका निकासि कर (प्रति) | रु २५ | | |
| ६८ | भेडा निकासि कर (प्रति भेडा) | रु २५ | | |
| ६९ | जनरल स्टोर | रु ३०००। | २०००। | १०००। |

नोट :

१.यसमा डिलर, एजेन्ट, डिपो, सव डिलर आदी वाहेक अन्य पसल, उद्योग, व्यवशायको हकमा कसैले एउटै पसलमा धेरै आईटम राखि पसल वा व्यवशाय गरेको छ भने सवै आईटम मध्ये कुनै एकको मात्र कर लिईने छ तर यस्मा सवै आईटम मध्ये जुन आईटमको कर रकम वढी छ सोहीलाई कायम गरी कर असुल गरिनेछ ।

२.म्याद भित्र नवुझाउने कुनै पनि करदाताहरुवाट बुझाउनु पर्ने सम्पूर्ण व्यवसायकर र प्रतिवर्ष १० प्रतिशतका दरले चालु आ.व.को आर्थिक ऐन लाई आधारमानि जरिवाना सहित व्यवशाय कर असुल गरिनेछ ।

३. निकासी कर: जडीबुटी, कृषि उपज तथा फलफूल निकासी कर गाउ कार्यपालिकाले निर्धारण गरे बमोजिम लिईने ।

४. व्यवसाय नामसारी, ठाउँसारी, कारोबार थप र नाम परिवर्तन गर्दा व्यवसाय दर्ता शुल्कको सतप्रतिशत शुल्क लिइनेछ ।

५. आर्थिक ऐनमा उल्लेखित व्यवसाय भन्दा फरक प्रकृतिको व्यवसाय दर्ता गर्नुपरेमा कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

६. व्यवसाय नविरकण शुल्क व्यवसाय दर्ता शुल्कको ५० प्रतिशत शुल्क लिइनेछ ।

## अनुसूची-४

**विज्ञापन कर** : ठेक्का प्रकृया द्वारा विज्ञापनकर उठाउनको लागि देहाय अनूसार दररेट निर्धारण गरी विज्ञापनकर कर लिने ।

(क) होडिंगवोर्ड प्रति वर्गफिट रू. ७५।

(ख) भित्तेलेखन/सटर पेन्टिंग प्रति वर्गफिट रू. ३०।

## अनुसूची-५

**मनोरन्जन कर**: मनोरन्जनको कार्यक्रम संचालन गर्ने संचालकसंग गाउपालिका र संचालक बीच आपसी समझदारीमा मनोरन्जन कर शुल्क लिने ।

## अनुसूची-६

सवारी साधन कर:

सवारी साधनमा देहाय बमोजिम दर्ता तथा नविकरण शुल्क लाग्नेछः

| क्र. स. | सवारी साधनको प्रकार | दर्ता | नविकरण | नविकरण अवधि |
|---|---|---|---|---|
| १ | टागा | ५०० | २५० | प्रत्येक वर्ष नविकरण गर्नु पर्ने छ । |
| २ | रिक्सा | ८०० | ४०० | प्रत्येक वर्ष नविकरण गर्नु पर्ने छ । |
| ३ | अटो रिक्सा | १०००। | ५००। | प्रत्येक वर्ष नविकरण गर्नु पर्ने छ । |
| ४ | ई-रिक्सा | ८०० | ४००। | प्रत्येक वर्ष नविकरण गर्नु पर्ने छ । |

**सार्वजनिक शौचालय** : नीजि क्षेत्र संग साझेदारी माध्यमवाट शुल्क निर्धारण गरी संचालन गर्ने ।

## अनुसूची-७

**पार्किङ्ग शूल्क** : पार्किङ्ग शूल्क निम्न अनूसार लिईनेछ ।

(क) गाँउपालिका क्षेत्र भित्र प्रवेश गर्ने सवारी साधनहरुलाई व्यवस्थित पार्किङ्गको व्यवस्था गरेमा सो स्थानमा पार्क गरे वापत बस, ट्रक, आदीमा एक पटकका लागि रु.३००।००, जीप भ्यानमा रु २००।०० र मोटरसाइकल मा रु १००।०० पार्किङ्ग शुल्क लिईने छ ।

## अनुसूची-८

१ **घर निर्माण नक्सापास दस्तुर**: घर निर्माण नक्सापास दस्तुर निम्न वमोजिम लिने ।

क) निवेदन फाराम रू.५००।०० लिने ।

ख) ढलान गरी निर्माण गरिने घरलाई प्रतिवर्गफिट रू. ५।००, ढलान नगरी निर्माण गरिने घरलाई प्रति वर्गफिट रू. २।०० र माटोको जडान घर निर्माण गर्नेलाई प्रतिवर्गफिट रू.१।०० नक्सापास दस्तुर लिने ।

ग) नक्सा नामसारी तथा नविकरण वापत प्रत्येक पटकको लागि रू.५००।०० दस्तुर लिने ।

घ) साविक घरमा परिवर्तन नहुने गरी मर्मत गर्नु परेमा रू. १००।०० दस्तूर लिने ।

ङ) नक्सापास सम्बन्धी कार्यसम्पन्न प्रमाणपत्रको रू. ५००।०० र पास भएको नक्साको रू.२५०।०० दस्तूर लिई प्रतिलिपी दिने।

२ **चारकिल्ला प्रमाणित दस्तूर**: चारकिल्ला प्रमाणित सिफारिस दिंदा प्रति कित्ता निम्न वमोजिम क्षेत्रफल भएको जग्गाहरूमा निम्न वमोजिम सेवा शूल्क लिने ।

| सि.नं. | विवरण | रू. |
|---|---|---|
| १ | आधा रोपनि सम्मको जग्गाको | १००।०० |
| २ | एक रोपनि सम्मको जग्गाको | २००।०० |
| ३ | एक रोपनि भन्दा बढी ५ रोपनि सम्मका | ३००।०० |
| ४ | ५ रोपनि भन्दा बढी १० रोपनि सम्मका | ५००।०० |
| ५ | १० रोपनि भन्दा बढी जतिसुकै भएपनि | १०००।०० |

३ **निवेदन दस्तूर** : कुनै पनि साधारण निवेदनहरूमा निवेदन दस्तुर लिईने छैन ।

४ यस गाउपालिकामा कर, दस्तुर, महशुल आदी वुझाएको भनी लिएको प्रमाणपत्रहरु आदि हराएमा रु. १००। लिई अर्को प्रतिलिपी प्रमाणपत्र दिईनेछ ।

५ **सेवा शुल्क तथा सिफारिस दस्तूर** : गाउँपालिकाबाट उपलव्ध गराउने सिफारिसहरूको निम्न वमोजिम निवेदन फाराम दस्तूर र सिफारिस दस्तूर लिईने छ ।

| सि.नं. | विवरण | सिफारिस दस्तूर रू. |
|---|---|---|
| १ | नाता प्रमाणित | २००।०० |
| २ | धारा/ विजूली मिटर सिफारीस | २००।०० |
| ३ | नाम, थर आदि सच्याउने | २००।०० |
| ४ | जग्गा / मोही नामसारी / जग्गा दर्ता / गूठी / रैकर आदि | २००।०० |
| ५ | जग्गा खरिद विक्रीमा घर,वाटो प्रमाणित<br>गोरेटो बाटो प्रमाणित रू २००।,<br>कच्चि मोटर बाटो प्रमाणित रू ५००।,<br>ग्राबेल मोटर बाटो प्रमाणित रू १०००।, | |
| ६ | कालोपत्रे मोटरवाटो भएको छ भनि गरिने सिफारिसमा | २०००।०० |
| ७ | अन्य कच्चि वाटो भएको छ भनि गरिने सिफारिसमा | २००।०० |
| ८ | आयश्रोत प्रमाणितको सिफारिसमा वार्षिक आयको हिसावले | वार्षिक हुन आउने रकमको १ प्रतिशतका दरले |
| ९ | बसाई सरि गएको सिफारिस | ५००।०० |
| १० | बसाई सरी आएको सीफारिस | ५०। |
| ११ | योजना सम्झौता,रनिङबिल, अन्तिमबिल भुक्तानि सिफारिस | २००।०० |
| १२ | सहकारी संस्थहरु नविकरण | ५००।०० |
| १३ | पत्रपत्रिका सुचिकृत | १०००।०० |
| १४ | बन काठको राजश्व निकासि | जम्मा आम्दानिको १०% |
| १५ | नागरिकताको सिफारिस | १००।०० |
| १६ | नागरिकताको प्रतिलिपि सिफारिस | १००। |
| १७ | घर जग्गाको नामसारी सीफारिस | ३०० |
| १८ | मोही लगत कट्टा सिफारीस | १०० |
| १९ | घर कायम सीफारिस | १५० |
| २० | घर पातल सीफारिस | २०० |

| | | |
|---|---|---|
| २१ | अस्थायी/स्थायी बसोवास सिफारिस | १०० |
| २२ | आर्थीक अवस्था सम्पन्न वा वलियो सीफारिस | ५०० |
| २३ | जिवित रहेको सिफारिस | १०० |
| २४ | दुवै नाम गरेको व्यक्ती एउटै हो भनि गरिने सीफारिस | १०० |
| २५ | फरक फरक जन्ममिति एउटै भएको सिफारिस | १०० |
| २६ | जग्गा/सम्पत्ति मूल्याङ्न सिफारिस | मुल्याङ्कन गरिएको रकम को ०.२५ प्रतिशत |
| २७ | व्यवसाय दर्ता, ब्यवसायबन्द, कारोबार थप,व्यवसाय नविकरको सिफारिस दस्तुर | १०० |
| २८ | नावालक सिफारिस दस्तुर | निशुल्क |
| २९ | चौपाया सम्बन्धि सीफारिस | १०० |
| ३० | उद्योग ठाउँसारी सिफारिस | ५०० |
| ३१ | आन्तरिक बसाईसराई | १०० |
| ३२ | विद्यालय संचालन स्वीकृत/कक्षा बृद्धि | २०० |
| ३३ | व्यक्तिगत विवरण सीफारिस | १०० |
| ३४ | जग्गा दर्ता सिफारिस | १०० |
| ३५ | संरक्षण सिफारिस ब्यक्तिगत | १०० |
| ३६ | संरक्षण सिफारिस संस्थागत | २०० |
| ३७ | अन्य प्रमाणित सिफारिस | १०० |
| ३८ | पशुसेवा शाखा तथा वडामा रहेका पशुसेवा सम्पर्क केन्द्र मार्फत प्रदान गरिने सेवा मा नाम दर्ता शुल्क | २० |
| ३९ | गोवर परिक्षण दस्तुर | २० |
| ४० | शव परिक्षण गाई /भैसी | २५ |
| ४१ | शब परिक्षण भेडा/बाखा | २० |
| ४२ | शव परिक्षण अन्य | ५० |
| ४३ | पशुबन्ध्याकरण शुल्क | १०० |
| | ➢ राँगो साँडे प्रति पशु दस्तुर | ५० |
| | ➢ बोका प्रति पशु दस्तुर | २५ |

| | | |
|---|---|---|
| | ➤ कुकुर, बिरालो, बंगुर दस्तुर | |
| ४४ | कृतिम गर्भाधान प्रति पशु दस्तुर | १०० |
| ४५ | जग्गाधनि पुर्जा हराएको सीफारिस | २०० |
| ४६ | प्रदेश र संघ अन्तर्गतका योजनाहरुको इस्टिमेट, सम्झौता र भुक्तानि सिफारिस | ५००।०० |
| ४७ | गिटी बालुवा प्रति टेक्टर | २००।०० |
| ४८ | गिटी बालुवा मिनि टिप्पर | ५००।०० |
| ४९ | गिटि बालुवा ठूलो टिप्पर | ८००।०० |
| ५० | व्यक्तिगत घटना दर्ता ३५ दिन पछी | २००।०० |
| ५१ | व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको प्रतिलिपी शुल्क | ५००।०० |
| ५२ | गाउँपालिकाको सभाहल भाडा प्रतिदिन | १५००।०० |
| ५३ | गैर सरकारी संस्थाको नविकरणका लागि सिफारिस | १०००।०० |
| ५४ | अन्य सहकारी संस्थाहरुको दर्ता | २५००।०० |
| ५५ | सहकारी संस्थाहरुको सिफारिस | ५००।०० |
| ५६ | प्रा.लि. कम्पनि दर्ताको सिफारिस | ५००।०० |
| ५७ | प्रा.लि. कम्पनि नवीकरणको सिफारिस | ३००।०० |
| ५८ | राष्ट्रिय वनको ढुङ्गा गिटी ढुवानी वापत प्रति घनमिटर | ५०।०० |
| ५९ | प्रोजेक्टर / क्यामरा/ डीजे/इनभटर भाडा प्रतिदिन | १०००।०० |
| ६० | महिला समूह, आमा समूह, कृषक समूह दर्ताको लागि | १०००।०० |
| ६१ | महिला समूह ,आमा समुह, कृषक समूह, कृषि फर्म,पशु फर्म नविकरण, नाम परिबर्तन शुल्क | ५००। |
| ६२ | वडा कार्यालयमा हल प्रयोग गरेवापत प्रति दिन | ५००।०० |
| ६३ | अस्थाई करार शिक्षकको म्याद थपको लागि | कुल जम्माको ५०% |
| ६४ | पशु फर्म दर्ता | १०००।०० |
| ६५ | अनुदान आवेदन सिफारिस दस्तुर | ५००। |
| ६६ | कृषि तथा पशु फर्म सिफारिस | २००।०० |
| ६७ | आधिकारीक भरूवा बन्दुक सिफारिस नविकरण | १०००।०० |

| | | |
|---|---|---|
| ६८ | मालपोत रसिदको प्रतिलिपी शुल्क | १००।०० |
| ६९ | पुराना वोतलहरु | १० पैसा |
| ७० | कवाड संकल प्रति के जि | २० पैसा |
| ७१ | व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि शुल्क | २००। |
| ७२ | कक्षा ८ को ग्रेड सिट र सर्टिफिकेटको प्रतिलिपि शुल्क रु | २५०। |
| ७३ | फर्म सूचिकृत शुल्क रु | १०००। |

नोट : १) विपन्नता तथा असक्त, स्वास्थ्य उपचार, दैवीप्रकोप र जेष्ठ नागरिक भत्ता,छात्रबृतिको लागि गरिने मन्जूरनामाको सिफारिस,विपनन्ता सीफारिस, आर्थिक अवस्था कमजोर आदी सिफारिसमा सिफारिस दस्तुर छुट दिने ।

२) यस गाउपालिकावाट गरिने सम्पती मूल्यांकन र आयश्रोत प्रमाणित सिफारिस वाहेक अन्य सिफारिसमा अंग्रेजीवाट सिफारिस दिंदा तोकिएको सिफारिस दस्तूरमा थप सत प्रतिशत दस्तुर लिने ।

३) यो ऐनमा व्यवस्था नभएका अन्य सिफारिसको हकमा यस ऐन संग नबाझिने गरी प्रति सिफारिस रु २००।०० लाग्ने छ र यस ऐन संग नबाँझिने गरि कार्यपालिकाबाट निर्णय गरिय बमोजिम हुनेछ ।